# बारबर्दिया नगरपालिका, कृषि बिकास शाखा र पशु सेवा शाखाले ली-बर्ड संगको प्राविधिक सहकार्यमा आगामी हप्ताको लागि जारी कृषि तथा मौसम सम्बन्धि सल्लाह

अवधीः २०८२ पौष ०४ गते शुक्रबार देखि पौष १० गते बिहीबार सम्मको लागि

## लुम्बिनी प्रदेशको आगामी हप्ता ( पौष ०४ देखि पौष १०) को मौसमी परिदृश्यः

| | बर्षा/ हिमपात | अधिकतम तापक्रम | न्युनतम तापक्रम | बदली हुने अवस्था (घाम, आंशिक, सामान्य, अधिकांश र पूर्ण) | महत्वपूर्ण मौसम (मेघ गर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|
| तराई | | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | मुख्यता सफा देखि आंशिक बदली | हल्का हुस्सु र कुहिरो | बिहानको समयमा लाग्ने हल्का हुस्सु/कुहिरो मध्यान्न सम्म क्रमिक रुपमा सुधार हुने सम्भावना |
| नोटः साताको शुरुले शुक्रबार र शनिबार, साताको मध्यले आइतबार, सोमबार र मंगलबार तथा साताको अन्त्यले बुधबार र बिहिबारलाई जनाउछ । मौसम पूर्वानुमान सम्बन्धि बिस्तृत जानकारीको लागि हरेक दिन बिहान ६ बजे र बेलुका ६ बजे अध्यावधिक हुने महाशाखाको वेबसाइट http://www.dhm.gov.np/mfd हेर्नुहोस। | | | | | | |
| (स्रोतः मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग) | | | | | | |

## आगामी साताको मौसमी सारांश :

- गत साता देशभर कुनै उल्लेखनीय मौसमी प्रणालीको प्रभाव नरहेको र देशका कुनै केन्द्रमा वर्षा मापन भएको छैन। गत साता देशका धेरै केन्द्रहरुमा सरदर भन्दा बढी अधिकतम तापक्रम तथा धेरै केन्द्रहरुमा सरदर भन्दा कम न्यूनतम तापक्रम मापन भएको छ। विशेषगरी तराईका धेरै स्थानहरुमा बिहानको हुस्सु / कुहिरो अवस्थाका कारण न्यूनतम तापक्रम सरदरभन्दा कम मापन भएको छ।देशका धेरै हिमाली भू-भागमा ०.० डि.से. भन्दा कम साप्ताहिक औसत न्यूनतम तापक्रम मापन भएको छ।
- साताभर कुनै उल्लेखनिय मौसम प्रणालीको प्रभाव रहने छैन ।
- तराई भू-भागः साताभर मौसम मुख्यतया सफा देखि आंशिक बदली रहने देखिन्छ। बिहानको समयमा लाग्ने हल्का हुस्सु / कुहिरो मध्यान्न सम्म क्रमिक रुपमा सुधार हुने सम्भावना देखिन्छ।
- यो साता देशका धेरै स्थानहरूमा न्यूनतम र अधिकतम तापक्रममा उल्लेखनिय परिवर्तन नहुने सम्भावना छ।

## हिउँद अवधि (१५ मङ्सिर -१६ फागुन, २०८२) को हावापानी आंकलन

मङ्सिर १५ देखि फागुन १६ सम्मको तीन महिनाको हिउँद अवधिमा देशका अधिकांश भू-भागमा सरदार भन्दा कम वर्षा हुने सम्भावना छ । अधिकतम तापक्रम देशका अधिकांश भू-भागमा सरदार भन्दा बढी रहने सम्भावना छ । न्यूनतम तापक्रम देशभर सरदार भन्दा बढी रहने सम्भावना छ ।

उपलब्ध सिंचाई सुविधालाई दक्षता पुर्वक प्रयोगका लागि सिंचाईका नवीनतम प्रविधिहरु जस्तै- प्लास्टिक पोखरी, थोपा सिंचाई, फोहोरा सिंचाई, परफोरेटेड पाईप इत्यादि प्रयोग गर्नुहोस्। कुन बालीमा कति पानी चाहिने भन्ने कुरा मुख्य रुपले बालीको किसिम तथा अवस्था, माटोको प्रकार, मौसम इत्यादिले निर्धारण गर्ने हुँदा पानी आवश्यकताको हिसाबले संवेदनशील चरणलाई ध्यान दिई उपलब्ध सिंचाई सुविधा प्राथमिकताका साथ प्रयोग गर्नुहोस्।

सिंचाई दिनैपर्ने महत्वपुर्ण चरणहरु

| बाली | बालीको अवस्था |
|---|---|
| गहुँ | मुकुट जरा आउने अवस्था, गाँज हाल्ने अवस्था, आँख्ला बन्ने अवस्था, फूल फुल्ने र दानामा दुध बन्ने अवस्था |
| मकै | बालीको उचाई घुँडा सम्मको अवस्था, करीब ५०% धानचमरा आउने अवस्था, दाना लाग्ने र दाना पाक्ने अवस्था |
| तोरी | बिरुवा उम्रेको २-३ हप्तासम्म, फूल फुल्नु अगाडी र कोसा लाग्ने अवस्था |
| आलु | उम्रने अवस्था, बाली विकासको अवस्था, तान्द्रा बन्ने अवस्था, दाना लाग्ने अवस्था |

## कृषि सारांश :

- यस वर्षको हिउँद अवधिमा अधिकांश भू-भागमा सरदर भन्दा कम वर्षा हुने, अधिकतम तापक्रम सरदर भन्दा बढी रहने तथा न्यूनतम तापक्रम देशभर सरदर भन्दा बढी हुने संभावना रहेकाले यसबाट हुन सक्ने सम्भावित जोखिम न्युनीकरणका लागि यस समयमा लगाइएका बाली, फलफूल, आलु लगायतका बालीहरुको लागि सिंचाई व्यवस्थापन कार्यलाई विशेष ध्यान दिनुहोस्। उपलब्ध सिंचाई सुविधालाई दक्षता पुर्वक प्रयोगका लागि सिंचाईका नवीनतम प्रविधिहरु जस्तै- प्लास्टिक पोखरी, थोपा सिंचाई, फोहोरा सिंचाई, परफोरेटेड पाईप इत्यादि प्रयोग गर्नुहोस् ।
- गहुँबालीमा झारपात व्यवस्थापनको लागि गहुँ रोपेको १-५ दिनभित्र पेन्डीमिथालिन ३०% ई. सी., १५० मिलिलिटर प्रति रोपनीको लागि २५ लिटर पानीमा वा १०० मिलिलिटर प्रति कठ्ठाको लागि १७ लिटर पानीमा माटोमा चिस्यान भएको अवस्थामा फ्लेट फेन नोजलको प्रयोगले स्प्रे गर्नुहोस्।
- सुख्खा मौसमलाई ध्यानमा राख्दै गहुँ छरेको २०-३० दिनभित्र [मुकुट जरा (crown root initiation) पलाउने अवस्था] गहुँको जरा भिज्नेगरि पहिलो सिँचाई पश्चात नेपाल कृषि अनुसन्धान परिषद्बाट अध्यावधिक गरिएको सिफारिस मात्रा अनुसूची-३ अनुसार युरिया मल टपड्रेस गर्नुहोस् । जिरो टिलेज प्रविधिबाट लगाइएको गहुँ खेतमा परम्परागत तरिकाबाट लगाईएको गहुँको तुलनामा कम पानीको मात्राले सिंचाई गर्न सकिन्छ। गहुँ पहेंलो हुने समस्याबाट बचन सिँचाई गर्दा पानी जम्न नदिन विशेष ध्यान दिनुहोस्।
- पतझड फलफूलको बगैंचा स्थापनाको लागि एक घन मिटर साइजको खाडल खनी करिब एक महिना सुकाउनुहोस्। सो खाडलमा सुकेका पातपतिंगर तथा झारपात राखी जलाउनुहोस्।
- आगामी साता तराईका जिल्लाहरुमा मध्यान्ह सम्म हुस्सु/कुहिरो लागिरहने साथै सापेक्षित आर्द्रता बढी हुने भएकोले आलुबालीमा पछौटे डढुवा रोगको नियमित अनुगमन गरी डढुवा रोगको शुरूको अवस्थामा मेन्कोजेब ७५% डब्ल्यु.पी.

२ ग्राम प्रति लिटर पानीमा मिसाई पातको तल्लो भाग समेत भिज्नेगरी छर्कनुहोस् । प्रकोप बढी भएमा एक्रोब्याट (डाइमेथोर्फ ५०% डब्ल्यु.पी.) वा सेक्टिन (फेनामेडोन १०% + मेन्कोजेब ५०% डब्ल्यु.जी.) १.५ ग्राम प्रतिलिटर पानीमा मिसाइ बोटको सम्पुर्ण भाग भिज्नेगरी छर्कनुहोस्।

- प्याज र लसुनको जरा कुहिने रोग व्यवस्थापनको लागि ढुसीनाशक विषादी - वेभिष्टिन (Carbendazim ५०% WP) २ ग्राम प्रति लिटर पानीका दरले १४ दिनको फरकमा ३ देखि ४ पटकसम्म सम्पूर्ण जरा भिज्नेगरि हाल्नुहोस्।
- बाहिरी तापक्रम घट्ने क्रममा रहेकोले गाई, भैंसी, भेडा, बाखा आदिमा रुघाखोकी लाग्ने, ज्वरो आउने, श्वासप्रश्वास सम्वन्धी अन्य रोग लाग्ने र छेर्ने हुँदा पशुवस्तुको खोर - गोठ न्यानो राख्नुहोस्।
- हिउँदको समयमा पशुवस्तुलाई हरियो घाँसको कमी हुने भएकोले उग्राउने पशुहरु जस्तै- गाई, भैंसी, भेडा, बाखाहरुलाई युरिया मिश्रित पराल (४% युरिया) वा युरिया मोलासेस ब्लक खुवाउनुहोस्।
- यो समयमा दिन छोटो हुने र रात लामो हुने भएकाले अन्डा उत्पादनका लागि पालिएका लेयर्स कुखुरालाई कम्तीमा १६ घण्टासम्म प्रकाश हुने गरि बत्तीको व्यवस्था गर्नुहोस्।
- बादल लागेको दिन र भोलिपल्ट विहानीपख माछापोखरीमा घुलित अक्सिजनको कमीबाट हुन सक्ने क्षति कम गर्न प्रति हेक्टर जलाशयमा बिहान ४-६ बजेसम्म ०.७५ के.भि.ए. क्षमताको वायुयन्त्र (Aerator) को प्रयोग गर्नुहोस् साथै बादल लागेको समयमा दाना दिन बन्द गर्नुहोस्।
- **यसै बर्षमा रोपेको फलफुल बालीका बेर्नाहरुलाई नियमित अनुगमन गर्नुहोस, कलमी गरेको भागभन्दा तल पलाएका मुनाहरु हटाउनुहोस् ।**
- तराई, भित्रि-मधेश तथा बेशीमा आलु लगाउने समय नजिकिदै गरेको हुँदा उपलब्ध जातहरुको गुणस्तरीय बीउ भरपर्दो श्रोतहरुबाट आवश्यक मात्रामा व्यवस्था गर्नुहोस्।
- बेर्ना सारेको तरकारी बालीहरुमा रिङ्ग बनाई १०-१५ ग्राम युरिया प्रति बोटको दरले मौसमको अवस्था हेरी १५-२० दिनमा पहिलो र ३५-४० दिनमा दोस्रो टपड्रेस गर्नुहोस ।
- तापक्रम कम हुँदै जादाँ लाही कीराको प्रकोप बढ्दै जाने हुनाले करेसाबारी र कौसी खेती गर्दा व्यवस्थापनका लागि एक भाग गाईको गहुँत ४ भाग पानीमा मिसाएर रातभरि राखी लाही लागेको ठाँउमा भिज्नेगरि भोलीपल्ट छर्कनुहोस् । समस्या बढी भएमा डाइमेथोएट ३०% ई.सी., १.५ एम. एल. प्रति लिटर वा फ्लोनिकामिड ५० डब्लु. जी., १ ग्राम ३ लिटर पानीको दरले मिसाई लाही लागेको ठाँउमा भिज्नेगरि छर्कनुहोस्।
- तापक्रम घट्ने क्रम जारी भएकोले मौरी घारलाई चारैतिरबाट प्लास्टिक वा जुटको बोराले बेरेर राख्नुहोस्। साथै घारको नियमित निरीक्षण गरी मौरीलाई खानेकुरा कम छ भने आवश्यकता अनुसार चिनी चास्नी बनाएर खुवाउनुहोस्।
- **हालका दिनमा नगरपालिका क्षेत्र भित्र रहेका गौशाला र कृषकहरुको घरका गाई गोरुहरुमा पनि फाट्टफुट्ट रुपमा लम्पी स्किन रोग देखिएको र अन्य क्षेत्रमा समेत फैलन सक्ने हुँदा आवश्यक सतर्कता अपनाउनुहोस् ।**
- पशुपन्छीहरुको गोबर परिक्षण गरि जुका बिरुद्धको औषधि खुवाउनुहोस् ।
- प्राकृतिक तथा कृत्रिम गर्भाधान गरेको गाईभैंसीहरुलाई ३ महिना पछि गर्भ परिक्षण गरि गर्भ रहे नरहेको निश्चित गर्न पशु सेवा शाखा तथा निजि पशु स्वस्थय कार्यकर्तासंग सम्पर्क गर्नुहोस् ।

## कृषि सल्लाहः

### खाद्यान्नबाली

- धान काटेपछी गहुँ लगाउनुहुने कृषकहरुले सिफारिस भएका उन्नत जातका बिजय, बोरलग २०२०, बाणगंगा, जिंक १, जिंक २, गौतम, भृकुटी मध्ये उपलब्ध जातबाट गुणस्तरीय बीउ विश्वसनीय श्रोतबाट व्यवस्था गर्नुहोस्। अघिल्लो वर्षमा खडा बाली अवस्थामा आफ्नो खेतबारीमा लगाएको गहुँमा कालो पोके, सिन्दुरे जस्ता रोग देखिएको भए उक्त बालीलाई बीउको रुपमा प्रयोग नगर्नुहोस्।
- गहुं लगाउनुहुने कृषकहरुले सिफारिस भएका उन्नत जातका **उपचार गरिएको गुणस्तरीय बीउ प्रति कठ्ठा ४ के.जी. को दरले प्रयोग छर्नुहोस्।** गहुँबालीमा तालिका अनुसार मलखादको प्रयोग गर्नुहोस्।

| **वडा नं.** | **पहिलो पटक** (गहुँ लगाउने बेला जग्गा तयारी गर्दा) | | | दोस्रो पटक (गहुँ छरेको २५-३० दिनमा) | तेस्रो पटक (फुल फुल्नु अगाडी अथवा ५०-५५ दिनमा) |
|---|---|---|---|---|---|
| | **युरिया** (के.जी/कठ्ठा) | **डि.ए.पी.** (के.जी/कठ्ठा) | **पोटास** (के.जी/कठ्ठा) | **युरिया** (के.जी/कठ्ठा) | **युरिया** (के.जी/कठ्ठा) |
| १,२ र ९ | २.० | २.५ | २.८ | ३.० | ३.० |
| ३,४,५,६,७,८, ११ | २.२ | २.२ | २.८ | ३.० | ३.० |
| १० | १.६ | ३.६ | २.८ | ३.० | ३.० |
| **रासायनिक मलको अतिरिक्त जग्गा तयारी गर्दा**<br>राम्ररी पाकेको प्राङ्गारिक मलः २०० के.जी. प्रति कठ्ठा,<br>जिन्कः ६६.७ ग्राम प्रति कठ्ठा र<br>बोरोनः ५० ग्राम प्रति कठ्ठाको दरले प्रयोग गर्नुहोस्। | | | | | |

- गहुँबालीमा झारपात व्यवस्थापनको लागि गहुँ रोपेको १-५ दिनभित्र पेन्डीमिथालिन ३०% ई.सी., १५० मिलिलिटर प्रति रोपनीको लागि २५ लिटर पानीमा वा १०० मिलिलिटर प्रति कठ्ठाको लागि १७ लिटर पानीमा माटोमा चिस्यान भएको अवस्थामा फ्लेट फेन नोजलको प्रयोगले स्प्रे गर्नुहोस् ।

- **हिउँदे मकै खेती गर्दा डी.के.सी ९०८१ जस्ता जातहरु लगाउन सकिन्छ । हिउँदे मकै खेती गर्दा युरिया २.५ के.जी, डी.ए.पि ३ के.जी र पोटास ३.३ के.जी प्रति कठ्ठाको दरले प्रयोग गर्न सकिन्छ ।**
- **तोरीको पातमा लाग्ने अल्टरेनिया डढुवा रोग व्यवस्थापनको लागि फूल झरी कोसा लाग्ने अवस्थामा मेन्कोजेवयुक्त विषादी २.५ ग्राम प्रति लिटर पानीका दरले सम्पूर्ण पात भिज्नेगरी ८-१० दिनको फरकमा २-३ पटक छर्केर उपचार गर्नुहोस्।**

- **तोरीबालीमा लाही कीरा लागे - नलागेको थाहा पाउन पहेँलो टाँसिने पासो (yellow sticky trap) प्रयोग गर्नुहोस् । आवश्यकता अनुसार १ भाग गाईको गहुँत र ४ भाग पानी मिसाएर बनाइएको झोल १२ घण्टापछि लाही लागेको तोरीको बोट भिज्नेगरि छर्कनुहोस्। फूल फुलेको बेला मौरीबाट परागसेचन हुने भएकोले तोरी बारीमा कुनै प्रकारको रासायनिक बिषादी प्रयोग नगर्नुहोस्।**
- **तोरीबाली समूहमा करौते कीरा लागेमा लार्भाहरुलाई जम्मा गरि नष्ट गर्ने वा नीमजन्य (एजाडिराक्टिन ०.०३%) विषादी ५ एम.एल. प्रति लिटर पानीका दरले प्रति लिटर पानीमा मिसाई साँझपख छर्नुहोस्।**

## फलफुल बाली



- फलफुल बालीका नर्सरीमा कलमी गरेको भागभन्दा तल पलाएका मुनाहरु हटाउनुहोस् ।
- **यसै बर्षामा रोपेको फलफुल बालीका बेर्नाहरुलाई नियमित अनुगमन गर्नुहोस, कलमी गरेको भागभन्दा तल पलाएका मुनाहरु (चोर हाँगाहरु) हटाउनुहोस् ।** आवश्यकता अनुसार सिंचाई गर्नुहोस् ।
- केराको फलमा कोत्रे कीराले फलको गुणस्तर घटाउने हुनाले यसबाट प्रभावित बगैंचामा बुङ्गोलाई बोरा अथवा प्लाष्टिकले बेर्ने वा एक भाग गाईको गहुँतमा पाँच भाग पानी मिसाएर वा नीम जन्य बिषादी ५ एम. एल . प्रति लिटर पानीमा मिसाई फल लागेको ठाउँमा छर्कनुहोस्।
- केराको काइयो बनिसकेपछि बुङ्गो काटेर हटाउनाले कोसाहरु प्रष्ट भइ घरिको तौल बढ्ने हुँदा नियमित अवलोकन गरि बुङ्गो हटाउनुहोस्।
- **ड्रागन फ्रुटमा डाठ तथा फल कुहिने रोगको** व्यवस्थापनको लागि नियमित अनुगमन गरि कपरयुक्त विषादी (ब्लाइटक्स-५०- २ ग्राम वा प्रोपिकोनाजोल/टिल्ट- १.५ ग्राम) प्रति लिटर पानीको दरले १०-१५ दिनको फरकमा सम्पूर्ण डाठ भिज्नेगरी छर्केर उपचार गर्नुहोस् ।

## तरकारी बाली

- आगामी साता तराईका जिल्लाहरुमा मध्यान्ह सम्म हुस्सु/कुहिरो लागिरहने साथै सापेक्षित आर्द्रता बढी हुने भएकोले आलुबालीमा पछौटे डढुवा रोगको नियमित अनुगमन गरी रोगको शुरूको अवस्थामा मेन्कोजेब ७५% डब्ल्यु.पी. २ ग्राम प्रति लिटर पानीमा मिसाई पातको तल्लो भाग समेत भिज्नेगरी छर्कनुहोस् । रोगको प्रकोप देखिएमा एक्रोब्याट

(डाइमेथोर्फ ५०% डब्ल्यु.पी.) वा सेक्टिन (फेनामेडोन१०% + मेन्कोजेब५०% डब्ल्यु.जी.) १.५ ग्राम प्रतिलिटर पानीमा मिसाइ बोटको सम्पुर्ण भाग भिज्नेगरी छर्कनुहोस्।



**चित्रः आलुको पात तथा मुनामा पछौटे डढुवाको लक्षण**

- टोकिनासी वा वर्णशंकर (Hybrid) जातका मूलाको बीउलाई ड्याङ बनाई लगाउनुहोस्।
- बिभिन्न बालीहरुमा सेतो झिंगाले आर्थिक नोक्सानी गर्नुको साथै भाइरस रोगहरु पनि सार्ने हुँदा जैविक विषादी, भर्टिसिलियम लेकानी ५ एम.एल. प्रति लिटर पानीमा मिसाई छर्कनुहोस् । प्रकोप ज्यादा भएर रासायनिक विषादी प्रयोग गर्नुपरेमा निटेन पाईराम १०% एस.एल, १ एम.एल. प्रति ३ लिटर पानीमा घोलेर पातको पछाडिको भाग भिज्नेगरि स्प्रे गर्नुहोस्।
- विभिन्न तरकारी बालीमा लाग्ने बिषाणू (Virus) रोगको ब्यबस्थापनको लागि निम्न विधिहरु अपनाउनुहोस्।
    - निरोगी बीउ वा बेर्नाहरु मात्र प्रयोग गर्नुहोस् ।
    - सरसफाईमा ध्यान दिने र रोगी बिरुवा देखा पर्नासाथ नष्ट गर्नुहोस र सधै सफा राख्नुहोस्।
    - खेतबारी वरपरको बिषाणूयुक्त झारपातहरू तुरुन्त उखेलेर नष्ट गर्नुहोस् ।
    - रोगी बिरुवाहरूलाई छोएपछि वा प्रयोग गरेका औजारहरु स्वस्थ बिरुवामा प्रयोग नगर्नुहोस्।
    - विरुवा सारी सकेपछि हरेक १० दिनको फरकमा Vircon-H, १ एम.एल. प्रति लिटर पानीमा घोली बोट भिज्नेगरि छर्कनुहोस्। ← कीराहरुको माध्यमबाट रोग सर्ने भएकोले रोग सार्ने वाहक (Vector) को कीटनाशक बिषादीबाट कीराहरुको नियन्त्रण गर्नुहोस्।
- तरकारीको बेर्ना सारेको १५-२० र ४०-४५ दिन भएका तरकारी बालीहरुको बोट वरिपरि रिङ्ग बनाई १०-१५ ग्राम युरिया प्रति बोटको दरले टपड्रेस गर्नुहोस्।
- प्याजको नर्सरी राख्ने समय भएकोले नासिक-५३, खुमल प्याज १, खुमल प्याज २ जस्ता सुचिकृत जातको बीउ भरपर्दो श्रोतहरुबाट आवश्यक मात्रामा व्यवस्था गरी नर्सरी राख्ने तयारी गर्नुहोस्।
- प्याज तथा लसुनको जरा कुहिने रोग ब्यवस्थापनको लागि कार्बेन्डाजिमयुक्त (Bavistin 50% WP) विषादी २ ग्राम प्रति लिटर पानीका दरले १४ दिनको फरकमा ३ देखि ४ पटकसम्म सम्पूर्ण जरा भिज्नेगरि हाल्नुहोस्।



चित्रः प्याज तथा लसुनको जरा कुहिने रोगको लक्षण

- नर्सरी ब्याडमा बेर्ना उमार्ने समयमा **फेद काट्ने कीरा** र **बेर्ना कुहिने रोग**को व्यवस्थापन गर्न क्लोरपाईरीफस १६% ई.सी. को ०.५ एम.एल. र कार्बेन्डाजिम (बेभिष्टिन ) ५०% डब्लु.पि. को १ ग्राम प्रति लिटर पानीमा घोली स्प्रेयरबाट नर्सरी ब्याड भिज्नेगरि छर्नुहोस् ।
- खुमल चौडा पात, खुमल रातो पात, मार्फा चौडा पात जस्ता **रायो (भाजी)** का जातहरुको नर्सरी पानी नजम्ने गरी राख्नुहोस् ।
- काउली समूहका बालीमा लाग्ने गाँठे रोग व्यवस्थापनका लागि फ्लुआजिनाम विषादीको धुलो २-३ ग्राम प्रति लिटर पानीमा घोली बोट वरिपरि ड्रेन्चिङ गर्नुहोस्।
- काउली समूहको तरकारी बालीहरुमा बन्दाको पुतली र इट्टा बुट्टे पुतली लाग्न सक्ने भएकोले नियमित अनुगमन गर्नुहोस् र सुरुको अबस्थामा लाभ्राहरुले एकै स्थानमा रहेर नोक्सानी पुर्याउछ, यस्ता फुल र लाभ्राहरुलाई जम्मा पारि नष्ट गर्नुहोस्। कीराको प्रकोप बढी भएमा स्पिनोस्याड ४५% एस.सी., अथवा क्लोरानट्रानिलिप्रोल १८.५ इ.सी., ०.३ एम.एल. प्रति लिटरका दरले पानीमा मिसाई कीरा लागेको ठाँउमा भिज्नेगरि साँझपख छर्कनुहोस् ।
- बोरोन सुक्ष्म 'खाद्यतत्वको कमीले काउली बालीमा मुख्य बढ्ने भाग कालो भएर सुक्ने वा मर्ने र पछि डाँट नै खोक्रो बन्ने भएकोले यसको व्यवस्थापनको लागी बोरेक्स १००० ग्राम प्रति रोपनीको दरले जग्गा तयारी गर्दा नै प्रयोग गर्नुहोस् ।
- मोलिब्डेनमको कमीले काउली बालीका पातहरु साँघुरा, लाम्चा र फित्ता जस्ता हुने (whiptail- दाबिलो आकार) भएकोले यसको व्यवस्थापनको लागी सोडियम मेलिब्डेट १०० ग्राम प्रति रोपनीको दरले जग्गा तयारी गर्दा प्रयोग गर्नुहोस्।
- **सौर्य उपचार विधिबाट माटोको निर्मलीकरण :** नर्सरी राख्ने ठाउँमा माटोमुनि बसेर बाली बिरुवालाई नोक्सानी गर्ने झारपात, जीवाणु, किटाणुहरुको व्यवस्थापन गर्न पारदर्शी प्लाष्टिकले माटोलाई छोपी सुर्यको प्रकाशको मद्दतले माटोको उपचार गर्न यो विधि उपयुक्त मानिन्छ।



  - यसका लागि ब्याड बनाउने ठाउँमा राम्रोसँग खनजोत गरी माटोको डल्ला फुटाई मसिनो पार्ने, झारपात तथा ढुंगालाई हटाउने, आवस्यक पर्ने गोठेमल माटोमा मिलाउने र पानीको निकासको लागि कुलेसो बनाउनुहोस्।
  - जमिनको सतहबाट एक बित्ता उठाएर १ मिटर चौडाई र आवश्यकता अनुसार लम्बाई भएको, बिचको भाग केही उठेको र दायाँ बायाँ केही भिरालो भएको ब्याड राख्नुहोस्।
  - माटो सुख्खा छ भने ६ इन्च गहिरो भिज्नेगरी सिचाई गर्नुहोस्।

- यसरी तयार भएको ब्याडलाई २५०-३०० गेजको प्लाष्टिकले करिब २५ से. मी. प्लाष्टिक ब्याड भन्दा बाहिर हुनेगरी माटो कालो नहुन्जेल (करिब ३ हप्ता) छोप्नुहोस् । यसरी उपचार गरेको माटो करिब ६ महिनासम्म ब्याडको रुपमा प्रयोग गर्न सकिन्छ ।




- **खुर्सानीको बोट ओइलाउने र जरा कुहिने रोग**को व्यवस्थापनको लागि पानीको निकासको उचित प्रवन्ध मिलाउनुहोस्, रोगी बोटहरु हटाउनुहोस्। प्रकोप बढि भएमा कपरयुक्त विषादी २ ग्राम प्रति लिटर पानीमा मिसाई ७-१० दिनको फरकमा २-३ पटक जरा र वरिपरिको माटो भिज्नेगरि ड्रेन्चिङ गर्नुहोस् ।
- **खुर्सानीमा गुजुमुजे भाइरस रोग**का लक्षणहरु देखिएमा, सो रोग लगाउने भाइरस लाही किरा र थ्रिप्स बाट सर्ने भएकोले लाही किरा र थ्रिप्स व्यवस्थापनको लागि रोगर १ मि.लि. प्रति लिटर पानीमा मिसाएर छर्नुहोस । भने भाइरस व्यवस्थापनको लागि Vircon-H २ ग्राम प्रति लिटर पानीमा मिसाएर ५-७ दिनको फरकमा साँझपख छर्नुहोस ।




- बालीहरुमा **सेतो झिंगा र लाही किरा (माहा)ले** आर्थिक नोक्सानी गर्नुको साथै भाइरस रोगहरु पनि सार्ने हुँदा कीरा व्यवस्थापनको लागि निटेनपाईराम १०% एस.एल, १ एम.एल. प्रति ३ लिटर पानीमा घोलेर पातको पछाडिको भाग भिज्नेगरि स्प्रे गर्नुहोस्।
- **भन्टाको डाठ तथा फलको गवारो** व्यवस्थापनको लागि गवारोको कारण ओइलाएको मुन्टा, पात तथा फल टिपी करिव १ फुट गहिरो खाडलमा पुर्ने वा जलाउने गर्नुहोस । किराको बयस्क भाले आकर्षित गरी मार्नका लागि क्यु-ल्युर र बिषादी मिसिएको ल्युसिन ल्युर (leucin lure) प्रति कठ्ठा २ वटाको दरले राख्नुहोस् । रासायनिक बिषादी प्रयोग गर्नुपरेमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एस.सी.) ०.२ मि.लि. प्रति लिटर पानीमा मिसाई साँझपख छर्नुहोस ।
- **शंखे किरा (चित्र क), चिप्ले किरा (चित्र ख)** ले तरकारी तथा फलफूलका बिरुवामा क्षती पुर्याउने भएकोले यसको व्यवस्थापनको लागि किरा हिड्ने बाटो/बिरुवाको वरिपरी सुख्खा काठको धुलो, धानको भुस, अण्डाको बोक्राको टुक्रा साथै मानिस अथवा जनावरको रौं छर्नुहोस । किराहरु लुकेर बस्ने ठाँउहरु जस्तैः झारपात, पात-पतिङ्गर, काठ तथा फोहोर थुपारेको ठाँउको सरसफाई गर्नुहोस । कीरालाई प्लाष्टिकको थैलोमा संकलन गरेर नुन हालेर थैलो


चित्र-कः शंखे कीरा


चित्र-खः चिप्ले कीरा


चित्र-गः जुनकिरीको लार्भा

बन्द गर्नुहोस् । शंखे किरालाई जुनकिरी (Fire fly) र लाइटिनिङ्ग खपटे किराको लार्भाले (चित्र ग) खाने भएकोले यिनीहरुको सम्बर्धन गर्नुहोस् ।

### अन्य

- पशुवस्तुलाई **सर्पको टोकाई**बाट बचाउन घरगोठ वरिपरि झाडी, बुट्यान तथा सर्प लुक्न सक्ने वस्तु हटाउनुहोस् । बर्षातको समयमा तराइका क्षेत्रहरुमा सर्प दंशको घटना देखिइ रहेको हुनाले सर्पको टोकाईबाट जोगिन च्याउ (बेम्टी) टिप्न, पशुबस्तु चराउन जंगल/झाडी जाँदा सतर्क रहनुहोस्, जुत्ता वा बुट अनिवार्य रुपमा लगाउनुहोस ।
- **मौरी घारमा खाना (मह र पराग)** छ छैन नियमित अनुगमन गर्नुहोस् । यो समयमा मौरीलाई चरन कम हुने भएकोले चिनी चास्नी बनाएर खुवाउनुहोस् । साथै घार राखेको सबै खुट्टाहरुमा कचौरा / प्लास्टिकको बट्टामा पानी राखुहोस्।
- मौरी लगायतका अन्य **लाभदायी किराहरु**को सक्रियता दिउँसो २ बजे पश्चात क्रमश : घट्दै जाने भएकाले बाली बिरुवामा बिषादी छर्दा सकेसम्म हावा नलागेको बेला दिउँसो २ बजे पछीको समयमा मात्र छर्कनुहोस ।
- मौरी घारमा रोग, सुलसुले र रानु भए नभएको नियमित अवलोकन गर्नुहोस्। तापक्रम र आर्द्रतामा प्रायःजसो उतार-चढाव भइरहेको हुनाले यस्तो बेलामा **मौरीको छाउरा कुहिने रोग (Foul brood disease)** लाग्ने संभावना हुने भएकोले मौरी घारको नियमित अनुगमन गर्नुहोस्।

## पशुपालन सम्बन्धि सल्लाहः

### गाइ, भैसी, बाखा, भेडा



- हालका दिनमा नगरपालिका क्षेत्र भित्र रहेका गौशाला र कृषकहरुको घरका गाई गोरुहरुमा पनि फाट्टफुट्ट रुपमा **लम्पी स्किन रोग** देखिएको र अन्य क्षेत्रमा समेत फैलन सक्ने हुँदा आवश्यक सतर्कता अपनाउनुहोस् :
  - स्वस्थ गाई र भैंसीलाई अनिवार्य खोप लगाउनुहोस् ।
  - यो रोग सामान्यतया लामखुट्टे, झिंगा, किर्ना, भुसुना आदिको टोकाइबाट सर्ने हुँदा गोठ तथा फार्म परिसरमा नियमित सरसफाई गरी लामखुट्टे, झिंगा, किर्ना, भुसुना आदि किराको संख्यालाई नियन्त्रण गर्नुहोस् ।
  - गोठ भित्र वा बाहिर ब्लिचिङ्ग पाउडर, फर्मालिन, ग्लुटरअल्डिहाइड लगायतका रसायनहरु प्रयोग गरी निःसङ्क्रमण गर्नुहोस् । फार्म/गोठको मुख्य प्रवेशद्वार तथा खोर बाहिर निःसङ्क्रमणमा प्रयोग हुने रसायन सहितको फुटबाथको व्यवस्था गर्नुहोस् ।
  - रोगको शंका लागेका पशुहरुलाई बथानबाट छुट्टाएर अलग्गै राखुहोस्।
  - यो रोग सङ्क्रमित पशु एक स्थानबाट अन्यत्र लैजाँदा वा सङ्क्रमित पशुसँग प्रत्यक्ष सम्पर्कमा आएका अन्य पशुमा समेत सर्ने हुँदा रोग देखा परेको क्षेत्रबाट गाई भैसींको ओसारपसार नगर्नुहोस् ।
  - नयाँ पशु गोठमा भित्र्याउँदा बथानमा नमिसाई कम्तीमा २८ दिन अलग्गै राखी रोगको लक्षण नदेखाएमा मात्र बथानमा मिसाउनुहोस ।

- भदौ देखि मंसिरसम्म भैंसीहरु ऋतुकालमा आउने हुँदा ऋतुचक्र (Estrus cycle) मा आएको लक्षणहरु याद गर्नुहोस्। भैंसीहरुले गाईको जस्तो लक्षण नदेखाई प्रायः सुक्ष्म ऋतुकाल (Silent heat) को लक्षण देखाउँने हुँदा, ऋतुकाल नगुमाउन राम्ररी अवलोकन गर्नुहोस्।
- बाख्रामा देखिने कुम्री (ढकेरी) रोगको रोकथाम गर्न भदौ देखि कात्तिकसम्म मासिक एक चक्की डाई ईथाइल कार्बामाजिन (डी.ई.सी)- १०० एम.जी. खुवाउनुहोस् र आइभरमेक्टिन ईन्जेक्सन १ मि.लि. प्रति ३० के.जी. शारीरिक तौलको अनुसार लगाउनुहोस् । ढकेरी लागेका बाखाको हकमा दैनिक एक चक्की सात दिनसम्म खुवाउनुहोस् र साथमा भिटामिन बी कम्प्लेक्सको सुई २-३ दिनसम्म लगाउनुहोस्।
- बधुवा रुपमा पालिएका गाइ/भैसीहरु ब्याउने छन् भने तिनीहरुमा **भण्डारो (Prolapse of Uterus)** हुने खतरा भएको हुँदा त्यस्ता ब्याउने पशुलाइ बस्ने ठाउँ अगाडी होचो र पछाडी अग्लो बनाउनुहोस् । आहारा एकै चोटी टन्न खान नदिइ पटक पटक दिनुहोस । बिहान बेलुका १/१ घण्टा हल्का गोठ बाट बाहिर हिडाउने साथै चराउने गर्दा उक्त समस्या कम गर्न सकिन्छ ।
- **बाह्य परजीवीहरु (जुम्रा, किर्ना, उपियाँ** आदि) ले बाख्राको स्वास्थ्यलाई गम्भीर असर पार्न सक्छन् । यी परजीवीहरुबाट बाख्रालाई जोगाउन डिपिङ विधि अपनाउनुहोस । साथै आईभरमेक्टिन औषधिको सुई गाई, भैसी, भेडा र बाख्राको हकमा १ एम.एल प्रति ५० किलो शारीरिक तौलको दरले लगाउनुहोस ।
- पशुहरुमा किर्नाको टोकाईबाट लहुमुते रोग- Babesiosis (प्रायः कफी रंगको वा रातो रंगको पिशाव फेर्ने; उक्त पिशाव आधा घण्टा जति सफा टेस्टटयुव/शिसाको गिलासमा नहल्लाई राख्दा सतहमा रगत नजम्ने) सर्ने भएकोले किर्नाबाट पशुहरुलाई जोगाउन बुटक्स १ एम.एल. प्रति लिटर पानीमा मिसाई किर्ना भएको ठाउँमा हप्तामा २ पटकको दरले ४ हप्तासम्म स्प्रे गर्नुहोस ।
- शंखेकीराको प्रकोप भएको पानी जमेको ठाउँमा अथवा सिमसार क्षेत्रमा पशु वस्तुलाई चराउन लैजानु हुँदैन । ती ठाउँका घासपात- पशुवस्तुले खाँदा नाम्ले रोग लाग्न सक्दछ । तसर्थ पशुवस्तुलाई घाँस खुवाउनु अघि घाममा ओइलाएर मात्र खुवाउनुहोस्।
- दुधालु **गाईभैंसीलाई थुनेलोको** समस्याबाट जोगाउन, गोठ सुख्खा र सफा राख्नुहोस् । साथै, हरेक पटक दुध दोहीसकेपछी ग्लिसिरन र पोभिडिन आयोडिनको १:९ को अनुपातमा बनाईएको झोलमा कम्तिमा १ मिनेट सम्म थुन डुबाउने गर्नुहोस । यसरी बनाईएको झोललाइ सफा बट्टामा बिर्को बन्द गरी राखेमा पटक-पटक प्रयोग गर्न सकिन्छ ।
- प्रजननका लागि उपयुक्त पाठी तथा माउ बाख्राहरुलाई खोरको छुट्टै कोठामा राख्ने व्यवस्था मिलाउनुहोस । अनियन्त्रित प्रजननबाट बचाउनका लागि ३ महिना उमेर पुगेका पाठा र पाठीलाई संगै मिसिन दिनुहुदैन ।
- खेतबारीमा पाइने निलो फुल्ने राउने झार वा गन्दाइने ढर्रा पशुवस्तुले खाएमा पखाला हुने, मुर्छा पर्ने र मर्ने सम्भावना हुदा त्यस किसिमका झार खेतबारीबाट हटाउनुहोस् ।
- मौषम चिसो हुदै गएकोले रातीको समयमा खोर-गोठमा न्यानो बनाउनको लागी भुस पराल आदी सोत्तर बिछ्छाउने र खोर-गोठलाई प्लाष्टिकले ढाक्ने र दिउँसोको समयमा खोर-गोठ खुल्ला राख्ने गर्नुहोस्।
- पाडा-पाडी,बाछ्छा-बाछ्छी र पाठा-पाठीलाई न्यानो बनाउन घर भित्र वा खोर-गोठको एक कुनामा न्यानो सोत्तर र फिलामेन्ट चिम तथा हिटर बाल्ने व्यबस्था गर्नुहोस्।

### कुखुरा, हाँस, बंगुर

- हिउँदको समयमा कुखुराको खोरमा आद्रता र चिस्यान बढी हुने हुँदा खोरमा सोत्तर र चुनको प्रयोग गरी सधै खोर सुख्खा रहने व्यवस्था मिलाउनुहोस।
- मौषम चिसो हुदै गएकोले रातीको समयमा कुखुरा र हाँस खोरमा न्यानो बनाउनको लागी भुस पराल आदी सोत्तर बिछ्छाउने र खोरलाई प्लाष्टिकले ढाक्ने र दिउँसोको समयमा खोर खुल्ला राख्ने गर्नुहोस्। ब्रोईलर र लेयर्सको हकमा ५ ईन्च बाक्लो सोत्तर राख्नुहोस् र फिलामेन्ट चिम तथा हिटर बाल्ने व्यवस्था गर्नुहोस्।
- कुखुरामा प्वाँख खस्ने, सुलीमा रगत देखिने, पखाला लाग्ने, मासी देखिने जस्ता लक्षणहरु देखिएमा **कक्सिडियोसिस रोग** हुने सम्भावना भएको हुँदा खोर सोत्तर सुख्खा राख्नुहोस्। रोग देखा परेमा (Amprolium K) एम्प्रोलियम के १ ग्राम २ लिटर पानीमा मिसाएर ३ दिन खुवाउनुहोस भने भिटामिन ए मिश्रण भएका सिरप (जस्तैः Vimeral, Vitadhan, Add Vita आदी) १० मि.लि. प्रति १०० चल्लालाइ दिनमा १ पटकको दरले ५ दिन सम्म खुवाउनुहोस् ।
- कुखुराहरुमा अस्वाभाविक मृत्यु, सुस्तता, अन्य कुनै लक्षण देखिएमा वा सुँगुर/बंगुरहरुमा उच्च ज्वरो आई मृत्युदर बढी भएमा बिशेष सतर्कता अपनाई नगर पशु सेवा शाखा, बारबर्दिया नगरपालिका वा एकीकृत कृषि तथा पशुपन्छी बिकास कार्यालय, बर्दियामा सम्पर्क राख्नुहोस् ।

### घाँसेबाली

- जमिनमा चिस्यानको मात्रा हेरी १५-१५ दिनको फरकमा सिचाई गर्ने ।
- छरेको पहिलो पटक ४५ दिनमा र त्यसपछि प्रत्येक १५ देखि २० दिनको फरकमा घाँस काट्नु पर्छ । ओइलाएर मात्रै पशुलाई घाँस खुवाउनुहोस् ।

### अन्य

- सम्पूर्ण पशुपन्छीहरुलाई आन्तरिक तथा बाह्य परजीवी बिरुद्धको औषधी नियमित रुपमा खुवाउनुहोस् ।
- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र र बाख्रामा १२ देखि ३६ घण्टाभित्र प्रजनन गराउनुहोस् ।
- बन्यजन्तुको आक्रमणबाट बचाउनको लागि पशुहरुलाई जंगलमा चराउन नलैजानुहोस् तथा सुरक्षित खोरगोठको व्यवस्था गर्नुहोस ।
- पशुपालनमा संलग्न कृषकहरुले पशुपालनको जोखिम कम गर्न समयमा नै पशुबस्तुहरुको बिमा गर्नुहोस ।
- घरपालुवा कुकुरहरुलाई बर्षमा एक पटक नियमित रुपमा रेबिज बिरुद्धको खोप लगाउनुहोस् । रेबिज बिरुद्धको खोप लगाउनुभन्दा १ हप्ता अगाडी कुकुर/बिरालोलाई आन्तरिक परजीवी बिरुद्धको औषधी खुवाउनुहोस् ।

## अन्य सल्लाह :

- कृषि सम्बन्धि जिज्ञासाको लागि बारबर्दिया नगरपालिकाको कृषि विकास शाखा, जयनगर तथा वडा कृषि प्राविधिकहरु सँग सम्पर्क गर्नुहोस।
- पशुसेवा सम्बन्धि जिज्ञासाको लागि बारबर्दिया नगरपालिकाको पशु सेवा शाखा प्रमुख ९८५८०२५८५४, जयनगरमा सम्पर्क गर्नुहोस।

- मौसम सम्बन्धि जिज्ञासाको लागि पैसा नलाग्ने चौबिसै घण्टा उपलब्ध जल तथा मौसम बिज्ञान बिभागको फोन नम्बर-११५५ मा फोन गरेर जानकारी लिन सकिन्छ ।
- कृषि र पशु सम्बन्धि जिज्ञासाको लागी पैसा नलाग्ने नार्कको फोन नम्बर-११३५ मा हरेक सोमबार साँझ ४ देखि ६ बजेसम्म फोन गरेर जानकारी लिन सकिन्छ ।
- बारबर्दिया नगरपालिका सँग सम्बन्धित कृषि र पशुपालन सम्बन्धि सूचना तथा सल्लाहको लागी क्यु आर कोड स्क्यान गरी फेसबुक पेज र ह्वाट्सयाप ग्रुपमा जोडिन सक्नुहुनेछ

## सन्दर्भ सामाग्रीः


१. नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रद्वारा जल तथा मौसम बिज्ञान बिभाग संगको सहकार्यमा जारी कृषि-मौसम सल्लाह बुलेटिन । https://narc.gov.np/agromet-bulletin/

२. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली - बर्डसँगको प्राविधिक सहकार्यमा जारी गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन ।

३. साप्ताहिक मौसम पूर्वानुमान २०८२ मङ्सिर २६ गते शुक्रबार देखि पौष ०३ गते बिहीबार सम्म, मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम बिज्ञान बिभाग, त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल (TIA), गौचर, काठमाडौं । https://dhm.gov.np/mfd/#/weather/pages/weekly-weather-outlook

४. बारबर्दिया नगरपालिकाको माटोको अवस्था र मलको सिफारिस मात्रा (माटोको डिजिटल नक्सामा आधारित) ।

५. कृषि तथा पशुपन्छी डायरी २०८२ ।


novo nordisk foundation

DCA actalliance